# आवधिक गाउँ विकास योजना

## (आ.व. २०७३/०७४ –२०७७/०७८)

## पहिलो भागः

# गाउँ वस्तुगत विवरण

## (Village Profile)

दशरथपुर गाउँ विकास समिति, सुर्खेत

भाद्र २०७३

| | |
|---|---|
| b:tfj]h M | दशरथपुर गाविसको आवधिक गाउँ विकास योजना (आ.व. २०७३/०७४ - २०७७/०७८)<br>**भाग १: गाउँ वस्तुगत विवरण** |
| k\|fljlws ;xof]u M | *अमेरिकी सहयोग नियोग/साझेदारी विकास परियोजना* |
| k/fdz{bftf M | *सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सि प्रा.लि (SDIC), काठमाडौं, नेपाल*<br>*फोन : ०१-४४२११५९, इमेल : sdic.nepal@gmail.com, वेभ : www.sdicnepal.org* |
| ldlt M | *भाद्र, २०७३* |

**नेपाल सरकार**
**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

# जिल्ला विकास समितिको कार्यालय
# सुर्खेत

**विषय : शुभकामना**

यस सुर्खेत जिल्लाको दशरथपुर गाउँ विकास समितिको वस्तुस्थिति विवरणतयार गरेकोमा मलाई अत्यन्त खुसी लागेको छ । कुनैपनि योजना वा कार्यक्रम तर्जुमाका निमित्त तथ्याङ्कको महत्वपूर्ण भूमिका रहन्छ र तथ्याङ्क पनि सहि हुनु अति आवश्यक हुन्छ । यिनै कुरालाई ध्यानमा राखि तथ्याङ्क संकलन गरिएको होला भन्ने कुरामा म विश्वस्त छु । स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली ३०५६ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ द्वारा प्रदत्त अधिकार क्षेत्र भित्र रही स्थानीय निकायले गुणस्तरीय तथा प्रभावकारी सेवा दक्षताका साथ योजनावद्ध ढंगबाट सञ्चालन गर्नुपर्ने मान्यताका आधारमा यस सुर्खेत जिल्लाको दशरथपुर गाविसले आफ्नो वस्तुस्थिति विवरण तयार गरेको छ, यस वस्तुस्थिति विवरणलाई गाविसको योजना तर्जुमा, कार्यान्वयन लगायतका प्रक्रियामा आधार बनाईएमा गाविसको समानुपातिक रुपमा समग्र विकासका लागि सहज हुने कुरामा विश्वास गर्न सकिनेछ ।

अन्तमा, यस महत्वपूर्ण कार्यलाई सफल बनाउन प्रत्यक्ष योगदान पुऱ्याउने सबै राजनीतिक दल, एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, गाविस सचिव तथा गाविस परिवार, गाविसस्तरका विभिन्न सञ्जालहरूका साथै परामर्शदाता प्रति हार्दिक आभार प्रकट गर्दै यस दशरथपुर गाविसको वस्तुस्थिति विवरण तयार कार्यमा आर्थिक सहयोग गर्ने अमेरिकी सहयोग नियोग (USAID)/साझेदारी विकास परियोजना, प्राविधिक सहयोग प्रदान गर्ने परामर्श दातृ संस्था सपोर्ट फर डेभलेप्मेण्ट इनिसियटिभ्स् कन्सन्टेन्सीका परामर्शदाता तथा आफ्ना कर्मचारीहरू तथा परामर्शदाता परिचालन गर्दै समुदायस्तरसम्म पुगेर सहजीकरण गर्ने समाज जागरण केन्द्र (स्याक) नेपाललाई विशेष धन्यवाद दिन चाहन्छु र गाविसको वार्षिक तथा आवधिक योजना तर्जुमा, स्थानीय आवश्यकताको पहिचान, आन्तरिक श्रोत परिचालन लगायतका क्षेत्रमा यो वस्तुस्थिति विवरणको महत्वका साथ प्रयोजनमा ल्याईयोस भनि शुभकामना दिन चाहान्छु ।

धन्यवाद ।

.............................

हीरालाल रेग्मी

स्थानीय विकास अधिकारी

**नेपाल सरकार**
**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
# गाउँ विकास समितिको कार्यालय
**दशरथपुर, सुर्खेत**

**विषय : कृतज्ञता ज्ञापन**

सुर्खेत जिल्लाको दशरथपुर गाविसको वस्तुस्थिति विवरण तयार गरी प्रस्तुत गर्न पाउँदा गाविस परिवार हर्षित छ । गाउँ विकास समितिको आफ्नो क्षेत्र भित्रको भौगोलिक आर्थिक, सामाजिक शैक्षिक, सास्कृतिक एवंम समग्र पक्षहरूको चित्रण हुने गरी स्थानिय निकायहरूले आफ्नो गाविसको बस्तुगत विवरण तयार गर्नु पर्ने स्थानीय स्वायत शासन ऐन/नियमको व्यवस्था अनुरुप गाउँ विकास सिमितिको कार्यालय दशरथपुर, सुर्खेतबाट पनि गाविसको सर्वाङ्गिण पक्षहरूको विस्तृत विवरण सहितको परिमार्जित एवंम संसोधित तथ्यांकीय विरण स्वरुप यो गाविसको वस्तुस्थिति विवरण तयार गरिएको छ । यस अध्ययन कार्यमा गाविसलाई विभिन्न क्षेत्रबाट आर्थिक, प्राविधिक, परामर्श तथा रायसुझाव प्राप्त भएको छ र जसको परिणामस्वरुप यो गाविसको वस्तुस्थिति विवरण तयार गर्न गाविस सफल भएको छ । आर्थिक तथा प्राविधिक सहयोग गरी यस अध्ययन कार्य सफल पार्न योगदान गर्ने साझेदारी विकास परियोजना अर्न्तगत स्याक नेपाल प्रति सर्वप्रथम गाविस परिवार हार्दिक आभार प्रकट गर्दछ । यसैगरी यस दशरथपुरगाउँ विकास समितिको वस्तुस्थिति विवरण निर्माण कार्यमा सहजिकरण र आवश्यक परामर्श प्रदान गर्ने परामर्शदातृ संस्था सपोर्ट फर डेभलेप्मेण्ट इनिसियटिभ्स् कन्सन्टेन्सीका परामर्शदाता, वभिन्न तहका छलफल कार्यमा सहजिकरण तथा तथ्यांक संकलन गर्नुहुने यस गाविसका सामाजिक परिचालकहरू प्रति गाविस आभारी छ । अध्ययनकको क्रममा प्रारम्भिक प्रतिवेदन पुनरावलोकन, नपुग तथ्याङ्क संकलन तथा विश्लेषण, गाविसस्तरीय छलफल गरी अन्तिम प्रतिवेदन तयारीमा सहयोग गर्नु हुने परामर्शदाता र गाउँ विकास समितिको गाविस बस्तुस्थिति विवरण सम्बन्धी अध्ययन कार्यमा सहभागी भई रचनात्मक सुझाव र सहयोग दिनु हुने सम्पुर्ण महानुभावहरूलाई धन्यवाद् सहित हार्दिक आभार प्रकट गर्न दिन चाहान्छु ।

धन्यवाद ।

.........................

श्री तिलकराम आचार्य

गाविस सचिव

गाउँ विकास समितिको कार्यालय, दशरथपुर सुर्खेत

## विषय सूची

**परिच्छेद १ : परिचय ..... 1**
१.१ पृष्ठभूमि ..... 1
१.२ उद्देश्य ..... 1
१.३ तयारी विधि तथा प्रक्रिया ..... 2
१.३.१ गाउँस्तरीय अभिमुखीकरण कार्यक्रम ..... 2
१.३.२ घरधुरी सर्वेक्षण तथा संस्थागत सूचना संकलन ..... 2
१.३.३ तथ्याङ्क प्रशोधन तथा विश्लेषण ..... 3
१.३.४ गाउँ वस्तुस्थिति विवरणको मस्यौदा तयारी ..... 3
१.३.५ गाउँ वस्तुस्थिति विवरण सुझाव संकलन ..... 3
१.३.६ गाउँ वस्तुस्थिति विवरण अन्तिम प्रतिवेदन तयारी ..... 3
१.४ सीमा ..... 3
**परिच्छेद २ : भू-जैविक र प्रशासनिक स्थिति ..... 4**
२.१ भौतिक अवस्थिति ..... 4
२.२ ऐतिहासिक चिनारी तथा नामाकरण ..... 4
२.३ राजनीतिक अवस्थिति ..... 4
२.४ भू-उपयोग ..... 4
२.५ भू-धरातल तथा भिरालोपना ..... 4
२.६ नदीनाला तथा तालतलैया ..... 4
२.७ पर्यटकीय, साँस्कृतिक र मनोरम स्थलहरू ..... 5
२.८ उपलब्ध सेवा तथा सुविधा ..... 5
**परिच्छेद ३ : जनसांख्यिक विवरण ..... 6**
३.१ पारिवारिक तथा जनसंख्या विवरण ..... 6
३.२ जनसंख्या बनावट तथा संरचना ..... 6
३.३ व्यक्तिगत घटनाको विद्यमान स्थिति ..... 9
३.३.१ गाविसको जन्म दर्ता तथा मृत्यु दर्ता सम्बन्धी विवरण ..... 9
३.३.२ गाविसको विवाह, सम्बन्ध विच्छेद वसाई सराई दर्ता सम्बन्धी विवरण ..... 9
३.४ वसाई सराई तथा जनसांख्यिक गतिशिलता ..... 10
३.५ जातजाती अनुसार जनसंख्या ..... 10
३.६ जातजाती अनुसार घरधुरी संख्या ..... 10
३.७ धर्म अनुसार जनसंख्या तथा घरधुरी ..... 11
३.८ भाषा अनुसार जनसंख्या ..... 11
३.९ उमेर अनुसार जनसंख्या ..... 11
३.१० अपाङ्गताको विवरण ..... 12
३.११ उमेर अनुसार वैवाहिक स्थिति विवरण ..... 13
**परिच्छेद ४ : आर्थिक स्थिति ..... 14**
४.१ पारिवारिक आम्दानी विवरण ..... 14
४.२ आम्दानी अनुसार परिवार विवरण ..... 14
४.३ पेशा अनुसार जनसंख्या ..... 15
४.४ खेती गरिएको जग्गा जमिन ..... 15
४.५ सिंचित जग्गा सम्बन्धी विवरण ..... 16
४.६ कृषिजन्य उत्पादनको विवरण ..... 16
४.७ पशुधन तथा उत्पादनको अवस्था ..... 17
४.८ खाद्य सुरक्षा तथा खाद्य उपलब्धता ..... 17

४.९ पारिवारिक खर्च विवरण ........ 18
४.१० खर्च अनुसार परिवार विवरण ........ 18
४.११ वैंक खाता सम्बन्धी विवरण ........ 19
४.१२ बैंक खाताको को उद्देश्य सम्बन्धी विवरण ........ 19
४.१३ वैदेशिक रोजगारीको स्थिति ........ 20
४.१४ ऋणको विवरण ........ 20
४.१५ कृषि सामाग्री र साधन उपयोगको परिमाण ........ 21
४.१६ कृषि उपजमा लाग्ने रोग कीरा ........ 21
४.१७ पशुपन्छीमा लाग्ने रोग ........ 22
४.१८ संस्थागत रुपले उपलब्ध प्राविधिक तथा सीपयुक्त जनसक्ति ........ 22
४.१९ औद्योगिक विकासको अवस्था ........ 23
४.२० आयात तथा निकासीको स्थिति ........ 23
**परिच्छेद ५ : सामाजिक स्थिति ........ 24**
५.१ शैक्षिक संस्था तथा शैक्षिक स्थिति ........ 24
५.१.१ साक्षरताको स्थिति ........ 25
५.१.२ विद्यालयमा बाल विकासको (ECD) अनुभवप्राप्त विद्यार्थी ........ 25
५.१.३ तहगत रुपमा विद्यार्थीको संख्यात्मक अवस्था ........ 26
५.१.४ जातिगत आधारमा प्राथमिक तहमा विद्यार्थी भर्ना विवरण ........ 26
५.१.५ जातिगत आधारमा प्राथमिक तहमा कक्षा छोड्ने विद्यार्थी ........ 27
५.१.६ विद्यालयमा सिकाई उपलब्धी र टिकाउ दर सम्वन्धी विवरण ........ 27
५.१.७ विद्यालयमा छात्रबृत्ति पाउने विद्यार्थीको विवरण ........ 28
५.१.८ विद्यालय शान्ति क्षेत्र, विद्यालय सुधार योजना र बाल क्लव सम्बन्धी विवरण ........ 29
५.१.९ तह तथा जाति अनुसार शिक्षक संख्या ........ 29
५.१.१० नियुक्तिको आधारमा शिक्षक सम्बन्धी विवरण ........ 29
५.१.११ विद्यालयमा उपलब्ध भौतिक सुविधाको अवस्था ........ 30
५.१.१२ शैक्षिकस्तर अनुसार जनसंख्या ........ 30
५.१.१३ उमेर समुह अनुसार शैक्षिकस्तर ........ 31
५.१.१४ विद्यालयको पहुँचको स्थिति ........ 32
५.१.१५ विद्यालय छोड्ने बालबालिकाको विवरण ........ 32
५.१.१६ स्नातक तह उतिर्ण प्राविधिक मानव संशाधन ........ 32
५.१.१७ सीपमूलक तालिम प्राप्त मानस संशाधनको विवरण ........ 33
५.२ स्वास्थ्य सेवाको स्थिति ........ 33
५.२.१ नजिकको स्वास्थ्य संस्थामा पुग्न लाग्ने समय ........ 34
५.२.२ उपचारका लागि सवैभन्दा पहिला जाने संस्था वा स्थानको विवरण ........ 34
५.२.३ सुरक्षित मातृ शिसु सेवाको स्थिति ........ 35
५.२.४ खोप सम्बन्धी विवरण ........ 36
५.२.५ वाल वालिकाको पोषण सम्बन्धी विवरण ........ 36
५.२.६ वाल वालिकाको आधारभुत स्वास्थ्य सम्बन्धी विवरण ........ 37
५.२.७खोप लिने बालबालिकाको विवरण ........ 37
५.२.८ गर्भवती महिला तथा खोप सम्बन्धी विवरण ........ 37
५.२.९ बालबालिकाको तौल लिएको अवस्था ........ 38
५.२.१० प्रयोग गर्ने नूनको किसिम ........ 38
५.२.११ प्रमख स्वास्थ्य समस्या ........ 39
५.२.१२ दीर्घरोग संक्रमण हुने तथा मृत्यु हुनेको संख्या ........ 39

५.२.१३ परिवार नियोजन र स्थानीय अभ्यास........ 40
५.२.१४ परिवार नियोजनका साधनको प्रयोग दर........ 40
५.३ खानेपानी तथा सरसफाई........ 40
५.३.१ खानेपानीको स्रोत........ 40
५.३.२ पानी ल्याउन लाग्ने समय........ 41
५.३.३ चर्पीको सुबिधा र प्रकार........ 41
५.३.४ फोहोरमैला व्यवस्थापन........ 42
५.३.५ चर्पीजन्य फोहोरमैला व्यवस्थापन........ 42
५.४ महिला, बालबालिका, लक्षित वर्ग तथा सामाजिक सशक्तिकरण........ 43
५.४.१ बाल श्रमिकको विवरण........ 43
५.४.२ बाल श्रमिकले श्रम गरेको स्थान........ 43
५.४.३ सचेतनामूलक तालिम........ 43
५.४.४ परिवारिक कार्यमा लैंङ्गिक सहभागिता स्थिति........ 44
५.५ युवा तथा खेलकुद सम्बन्धी विवरण........ 44
५.६ शान्ति सुरक्षा तथा सुरक्षा निकाय........ 45
५.७ अपराध तथा मुद्दा मामिला सम्बन्धी विवरण........ 45
५.८ धार्मिक तथा साँस्कृतिक सम्पदा........ 46
५.९ धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल........ 46
**परिच्छेद ६ : भौतिक विकासको अवस्था........ 47**
६.१. आवासको अवस्था........ 47
६.२ विद्युत तथा वैकल्पिक उर्जाको उपयोग........ 47
६.२.१ विभिन्न श्रोतबाट विद्युत सेवा प्राप्त गर्ने परिवार........ 47
६.२.२ घरमा प्रयोग हुने वत्तीको मुख्य स्रोत........ 48
६.२.३ खाना पकाउन प्रयोग हुने मुख्य उर्जाको स्रोत........ 48
६.२.४ दाउराको प्रमुख श्रोत........ 49
६.२.५ घरमा प्रयोग हुने चुल्होको प्रकार........ 49
६.३ सूचना तथा संचार........ 49
६.३.१ संचार सुविधा उपलब्धता तथा उपयोग........ 49
६.४ यातायातका साधनको विवरण........ 50
६.५ सार्वजनिक संचार तथा यातायातका साधनको विवरण........ 50
६.६ स्थानीय पूर्वाधारको अवस्था........ 50
६.७ गाविस भित्रका बजारको अवस्था........ 51
**परिच्छेद ७ : वन तथा वातावरणीय स्थिति........ 52**
७.१ वन क्षेत्रको अवस्था........ 52
७.१.१ सामादायिक वन क्षेत्र........ 52
७.२ जलाधर तथा जलस्रोत र उपयोगको स्थिति........ 52
७.३ जैविक विविधता र वातावरणीय सेवा........ 52
७.४ जलवायु परिवर्तनको असर र अनुकुलन........ 53
७.५. विपद्को असर स्थिति........ 53
७.५.१ विपद्बाट भएको आर्थिक क्षति........ 53
७.५.२ वस्ती अयोग्य स्थानमा वसोवास गरेका परिवार........ 53
७.५.३ नदी कटान तथा डुवान, पहिरो तथा भू-क्षय........ 53
**परिच्छेद ८ : संस्थागत तथा सुशासनको स्थिति........ 55**
८.१ सरकारी कार्यालय सम्बन्धी विवरण........ 55

८.२ संस्थागत विकास तथा सामाजिक परिचालन ........ 55
८.३ विभिन्न समूह तथा सहकारी सम्बन्धी विवरण ........ 56
८.४ राजनीतिक दल जातीय तथा लैंगीक समावेशीकरण ........ 56
८.५ संस्थागत समूह सहभागिता ........ 56
८.६ समूहको प्रकार अनुसार परिवारको आवद्धता ........ 57
८.७ गाविसको आय सम्बन्धी विवरण ........ 57
८.८ गाविसको व्यय सम्बन्धी विवरण ........ 58
८.९ गाविसको आ.व. २०७२/७३ को लागि प्रस्तावित आयोजना तथा कार्यक्रम ........ 59
अनुसुची १ : गाविसका GISनक्सा ........ 60
अनुसूची २ : जात जातिगत समुदाय ........ 63

## तालिका सूची


तालिका नं.1: पारिवारिक तथा जनसंख्या विवरण ........ 6
तालिका नं.2: जनसंख्या बनावट तथा संरचना ........ 6
तालिका नं. 3: वडा अनुसार वस्तीको नाम ........ 7
तालिका नं. 4: वडा अनुसार वस्ती संख्या ........ 7
तालिका नं.5: जन्म दर्ता तथा मृत्यु दर्ता सम्बन्धी विवरण ........ 9
तालिका नं. 6: विवाह, सम्बन्ध विच्छेद र वसाई सराई सम्बन्धी विवरण ........ 9
तालिका नं.7: वसाई सराई सम्बन्धी विवरण ........ 10
तालिका नं.8: वडागत रुपमा जातजाति अनुसार जनसंख्या ........ 10
तालिका नं.9: वडागत रुपमा जातजाति अनुसार घरधुरी संख्या ........ 11
तालिका नं.10: धर्म अनुसार जनसंख्या तथा घरधुरी ........ 11
तालिका नं.11: उमेर अनसार जनसंख्या विवरण ........ 12
तालिका नं. 12: अपाङ्गताको प्रकार अनुसार जनसंख्या विवरण ........ 12
तालिका नं. 13: उमेर अनुसार वैवाहिक स्थिति विवरण ........ 13
तालिका नं. 14: स्रोत अनुसार आम्दानी विवरण ........ 14
तालिका नं.15: आम्दानीको आकार अनुसार परिवार विवरण ........ 14
तालिका नं.16: पेशा अनुसार जनसंख्या विवरण ........ 15
तालिका नं.17: स्रोत अनुसार आम्दानी विवरण ........ 15
तालिका नं. 18: सिंचित जग्गा सम्बन्धी विवरण ........ 16
तालिका नं.19: कृषिजन्य उत्पादनको विवरण ........ 16
तालिका नं.20: स्रोत अनुसार आम्दानी विवरण ........ 17
तालिका नं. 21: खाद्यान्न आत्मनिर्भरता अनुसार घरधुरी विवरण ........ 18
तालिका नं.22: स्रोत अनुसार खर्च विवरण ........ 18
तालिका नं.23: खर्चको आकार अनुसार परिवार विवरण ........ 18
तालिका नं.24: बैंक खाता अनुसार परिवार विवरण ........ 19
तालिका नं.25 : बैंक खाताको उद्देश्य अनुसार घरधुरी विवरण ........ 19
तालिका नं.26: वैदेशिक रोजगारी सम्वन्धी विवरण ........ 20
तालिका नं.27: श्रोत अनुसार ऋण लिने घरधुरी विवरण ........ 20
तालिका नं. 28: ऋण लिनुको उद्देश्य ........ 20
तालिका नं.29: कृषि सामाग्री उपयोगको विवरण ........ 21
तालिका नं.30: कृषि वालीमा लाग्ने रोग किरा सम्बन्धी विवरण ........ 22
तालिका नं.31: कृषि वालीमा लाग्ने रोग किरा सम्बन्धी विवरण ........ 22
तालिका नं.32: उपलब्ध प्राविधिक मानव संशाधनको विवरण ........ 22
तालिका नं.33: औद्योगिक अवस्था सम्बन्धी विवरण ........ 23
तालिका नं.34: परिमाण अनुसार आयात तथा निर्यात सम्बन्धी विवरण ........ 23
तालिका नं.35: गाविस भित्रका शैक्षिक संस्था सम्बन्धी विवरण ........ 25
तालिका नं.36: साक्षरता सम्बन्धी विवरण ........ 25
तालिका नं.37: वाल विकासको अनुभव प्राप्त विद्यार्थी सम्बन्धी विवरण ........ 25
तालिका नं.38: तहगत रुपमा विद्यार्थी विवरण ........ 26
तालिका नं. 39: जातिगत रुपमा प्राथमिक तहमा विद्यार्थी भर्ना विवरण ........ 26
तालिका नं.40: जातिगतरुपमा कक्षा छोड्ने विद्यार्थी विवरण ........ 27
तालिका नं.41: विद्यालयमा सिकाई उपलब्धी र टिकाउ दर सम्वन्धी विवरण ........ 27
तालिका नं.42: विद्यालयमा छात्रबृत्ति पाउने विद्यार्थीको विवरण ........ 28
तालिका नं.43: विद्यालय शान्ति क्षेत्र, विद्यालय सुधार योजना र वाल क्लव सम्बन्धी विवरण ........ 29

तालिका नं.44: तहगत तथा जातिगत शिक्षक विवरण ........ 29
तालिका नं.45: नियुक्तिको आधारमा शिक्षकको विवरण ........ 29
तालिका नं.46: विद्यालयमा उपलब्ध भौतिक सुविधा सम्बन्धी विवरण ........ 30
तालिका नं.47: वडागतरुपमा शैक्षिकस्तर सम्बन्धी विवरण ........ 31
तालिका नं.48: उमेर समुह अनुसार शैक्षिकस्तर सम्बन्धी विवरण ........ 31
तालिका नं.49: विद्यालय पुग्न लाग्ने समयअनुसार घरधुरी विवरण ........ 32
तालिका नं.50: कारण अनुसार विद्यालय छोडने वालवालिकाको विवरण ........ 32
तालिका नं.51: स्नातक तह उतिर्ण प्राविधिक मानव संशाधनको विवरण ........ 33
तालिका नं.52 : सीपमूलक तालिम प्राप्त मानव संशाधनको विवरण ........ 33
तालिका नं. 53: स्थास्थ्य संस्था पुग्ने लाग्ने समय अनुसार घरधुरी संख्या ........ 34
तालिका नं.54: पहिलो रोजाइको स्वास्थ्य संस्था वा स्थानको विवरण ........ 34
तालिका नं. 55: मातृशिसु स्वास्थ्य विवरण ........ 35
तालिका नं.56: खोपको उपयोग सम्वन्धी विवरण ........ 36
तालिका नं. 57: तौल अनुसार ५ वर्ष मुनिका वालवालिकाको विवरण ........ 36
तालिका नं.58: रोग प्रभाव अनुसार उपचार प्राप्त ५ बर्ष मुनिका वच्चाहरूको विवरण ........ 37
तालिका नं.59: खोप लिने बालबालिकाका विवरण ........ 37
तालिका नं.60: गर्भवती महिला तथा खोप सम्बन्धी विवरण ........ 37
तालिका नं.61: बालबालिका तौल सम्बन्धी विवरण ........ 38
तालिका नं.62: प्रयोग गर्ने नूनको किसिम अनुसार घरधुरी ........ 38
तालिका नं.63 : स्वास्थ्य समस्या र उपचार सम्बन्धी विवरण ........ 39
तालिका नं.64: दीर्घरोग संक्रमण हुने तथा मृत्यु हुनेको विवरण ........ 39
तालिका नं.65: परिवार नियोजन सम्बन्धी विवरण ........ 40
तालिका नं. 66: परिवार नियोजनका साधनको प्रयोगको स्थिति ........ 40
तालिका नं.67: पानी प्रयोगको स्रोत अनुसार घरधुरीको विवरण ........ 40
तालिका नं.68: पानी ल्याउन लाग्ने समय अनुसार घरधुरी विवरण ........ 41
तालिका नं.69: चर्पीको किसिम अनसार घरधुरी विवरण ........ 41
तालिका नं. 70: फोहोरमैला विसर्जन विधि अनुसार घरधुरी विवरण ........ 42
तालिका नं.71: चर्पीजन्य फोहोरमैला व्यवस्थापन सम्बन्धी विवरण ........ 42
तालिका नं.72: संलग्न क्षेत्रअनुसार बाल श्रमिकको विवरण ........ 43
तालिका नं.73: कार्यस्थल अनुसार गर्ने बाल श्रमिकको विवरण ........ 43
तालिका नं.74: सचेतनामुलक तालिम सम्बन्धी विवरण ........ 44
तालिका नं.75: पारिवारिक कार्यमा लैंगिक सहभागिताको विवरण ........ 44
तालिका नं.76: युवा तथा खेलकुद सम्बन्धी विवरण ........ 45
तालिका नं. 77: सुरक्षा निकाय सम्बन्धी विवरण ........ 45
तालिका नं.78: मुद्दा मामिला वा उजुरीको विवरण ........ 45
तालिका नं.79: धार्मिक तथा साँस्कृतिक सम्पदाको विवरण ........ 46
तालिका नं.80 : धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको विवरण ........ 46
तालिका नं.81: आवासको प्रकार अनुसार घरधुरीको विवरण ........ 47
तालिका नं.82 : विद्युतको स्रोत अनुसार सेवा प्राप्त गर्ने घरधुरीको विवरण ........ 47
तालिका नं.83: उपयोग गर्ने वत्तीको स्रोतअनुसार घरधुरी विवरण ........ 48
तालिका नं.84: खाना पकाउने उर्जाको स्रोत अनुसार घरधुरी ........ 48
तालिका नं.85: दाउराको मुख्य श्रोत अनुसार घरधुरी विवरण ........ 49
तालिका नं.86 : खाना पकाउन उपयोग गर्ने चुल्हो अनुसार घरधुरी विवरण ........ 49
तालिका नं.87: संचार साधनको उपयोग र उपलब्धता अनुसार घरधुरी विवरण ........ 50

तालिका नं.88: यातायातका साधनको विवरण ........ 50
तालिका नं.89: पुल, सडक र बाटो सम्बन्धी विवरण ........ 50
तालिका नं.90 : बजार सम्बन्धी विवरण ........ 51
तालिका नं.91: सामुदायिक वनको विवरण ........ 52
तालिका नं.92: जलस्रोत तथा उपयोग सम्बन्धी विवरण ........ 52
तालिका नं.93: वासस्थानका आधारमा प्रमुख जनावर तथा चराचुरुङ्गीको विवरण ........ 53
तालिका नं.94: विपद्बाट भएको आर्थिक क्षतिको विवरण ........ 53
तालिका नं.95: वस्ती अयोग्य स्थानमा बसोबास गर्ने परिवारको विवरण ........ 53
तालिका नं.96: सरकारी कार्यालय सम्बन्धी विवरण ........ 55
तालिका नं.97: समूहमा आवद्ध परिवार तथा सदस्य विवरण ........ 55
तालिका नं.98: विभिन्न समूह तथा सहकारीको नाम र ठेगाना ........ 56
तालिका नं. 99: राजनीतिक दलमा समावेशिताको स्थिति ........ 56
तालिका नं.100: समुहमा आवद्धता परिवारको विवरण ........ 56
तालिका नं.101: परिवारिक सदस्यको संस्थामा संलग्नताको स्थिति ........ 57
तालिका नं.102: गाविसको आय सम्बन्धी विवरण ........ 57
तालिका नं.103: गाविसको व्यय सम्बन्धी विवरण ........ 58
तालिका नं.104: आ.व. २०७२/७३ को लागि प्रस्तावित आयोजना तथा कार्यक्रमको विवरण ........ 59

# परिच्छेद १: परिचय

यस परिच्छेदमा गाउँ वस्तुस्थिति विश्लेषण विवरण तयारीको आधार, उद्देश्य, तयारी विधि तथा प्रक्रिया र सीमा समावेश गरिएको छ ।

## १.१ पृष्ठभूमि

नेपालको सन्दर्भमा गाउँ विकास समिति ग्रामीण भेगको स्थानीय सरकार हो । यसले स्थानीयस्तरमा जनतालाई तोकिएको सेवाहरू प्रवाह गर्दछ । नेपालमा रहेका गाविसहरू स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा यस अन्तर्गत जारी भएका नियामावलीहरू निर्देशित भएका छन् । यस ऐन तथा नियमावलीमा गाउँ विकास समितिहरूले वस्तुगत विवरण तयार गरी त्यसैका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । स्थानीय शासनलाई सुशासन प्रवर्धन, सामाजिक सशक्तिकरण तथा विकास प्रतिफल अभिबृद्धि गर्ने प्रमुख रणनीतिको रुपमा स्वीकार गरिएको छ । नेपालको संविधान २०७२ ले स्थानीय शासनको संवैधानिक व्यवस्था गरेको छ । संवैधानिक व्यवस्था अनुसार शासन संचालनमा केन्द्रिय, प्रादेशिक तथा स्थानीय सरकारको संरचना प्रस्ताव गरिएको छ । संविधानले गाउँपालिका र नगरपालिकालाई स्थानीय सरकार र जिल्लातहमा विकास व्यवस्थापन तथा सेवा प्रवाह कार्यमा समन्वय गर्न जिल्ला परिषदको व्यवस्था गरेको छ । संवैधानिक व्यवस्था अनुसार स्थानीय तहमा समावेशी तथा लोकतान्त्रिक प्रणालीको अभ्यास र विकास प्रतिफलमा अभिवृद्धि गर्न स्थानीय शासनको अनुशरण गरिनेछ ।

नेपालमा विकेन्द्रित शासनको कोशेढुङ्गाको रुपमा रहेको स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ ले स्थानीय निकायमा अधिकार निक्षेपणसहितको स्थानीय शासनको परिकल्पना गरेको छ । सो अनुसार स्थानीय निकायले सम्बन्धीत क्षेत्रको वस्तुस्थिति विश्लेषण गर्ने, श्रोत अनुमान गर्ने, आवधिक योजना तथा बार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने, विकासका गतिविधि तथा सेवा प्रवाह गर्ने, विकास कार्यहरूबाट प्राप्त प्रतिफलको अनुगमन तथा लेखाजोखा गर्ने अधिकार स्थानीय निकायलाई प्रदान गरेको छ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ४३ अनुसार प्रत्येक गाउँ विकास समितिले गाउँ विकास क्षेत्रको विकासका लागि आवधिक र वार्षिक योजना तर्जुमा गर्नु पर्नेछ । यसैगरी दफा ४४ अनुसार प्रत्येक गाउँ विकास समितिले गाउँ विकास क्षेत्रको विकासका निम्ति गाउँस्तरीय वस्तुगत तथ्याङ्क संकलन गरी गाउँको वस्तुस्थिति देखिने स्रोत नक्सा तयार गर्नु पर्ने व्यवस्था गरेको छ ।यसैगरी गाउँ विकास योजना तथा बजेट तर्जुमा २०६७ र स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ र गाउँ विकास समितिको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि २०६६ (संशोधन र परिमार्जन) अनुसार गाविसले विभिन्न क्षेत्रको तथ्याङ्क संकलन गरी गाउँको वस्तुस्थिति झल्किने विवरण तयार गरी ५ बर्षमा अद्यावधिक गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ । यसका साथै गाउँ विकासको विद्यमान स्थितिको विश्लेषण गरी गाउँ विकासको प्रयासलाई दिशानिर्देश गर्न आवधिक तथा बार्षिक गाउँ विकास योजना तर्जुमा, योजनाको नतिजामूलक अनुगमन तथा गाउँ विकासका प्रयासहरूको प्रभावको लेखाजोखा गर्न गाउँ वस्तुस्थिति विश्लेषण विवरण तयार तथा अद्यावधिक गर्नु पर्ने नीतिगत व्यवस्था रहेको छ ।

उपरोक्त कानूनी तथा नीतिगत व्यवस्था र योजनाबद्ध रुपमा गाउँ विकासका प्रयासहरूलाई अगाडि बढाउन गाउँ वस्तुस्थति विवरण तथा श्रोत नक्शा अपरीहार्य भए बमोजिम गाउँ वस्तुस्थिति विश्लेषण विवरण तयार गरिएको छ । उपलब्ध कानूनी तथा नीतिगत व्यवस्था अनुसार गाउँ विकास समितिको नेतृत्व र गाउँ विकासका सरोकारवाला प्रयास र परामर्श सहयोगबाट गाउँ वस्तुस्थिति विवरण तयार गरिएको छ ।

## १.२ उद्देश्य

सुर्खेत जिल्लाको दशरथपुर गाविसको घरधुरी सर्वेक्षण तथा संस्थागत तथ्याङ्क संकलन तथा विश्लेषण गरी गाउँको भौगोलिक, जनसांख्यिक, आर्थिक, सामाजिक, भौतिक तथा वातावरणीय र संस्थागत स्थिति विश्लेषणसहित गाउँ विकासको वस्तुस्थिति चित्रण गर्ने प्रमुख उद्देश्य रहेको छ । यस विवरणको विशिष्ट उद्देश्य देहायअनुसार रहेको छ ।

- गाविसको आवश्यकता, सम्भाव्यता र प्राथमिकताको आधारमा स्पष्ट लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम तयार पारी वार्षिक योजना तर्जुमामा मद्दत गर्ने ।
- सूचनाबाट विभिन्न निकाय तथा व्यक्तिहरूसँग सम्बन्ध बढाउन सहज हुने हुनाले आपसी सहयोगको वातावरण निर्माण गर्ने ।
- गाविसमा रहेका सम्पूर्ण स्रोत र साधन का साथै राज्यले प्रदान गर्दै आइरहेका विभिन्न सेवा सुविधाको बारेमा स्पष्ट नक्सांकन गर्ने ।
- गाउँको समग्र वस्तुस्थिति चित्रण तथा विवरण तयार गर्ने र साझेदारलाई जानकारी गराउने
- गाउँको भू-जैविक, भौतिक, आर्थिक, सामाजिक, वातावरण र संस्थागत विकाससमेत विषयगत वस्तुस्थिति चित्रण तथा विश्लेषण विवरण तयार गर्ने ।
- गाउँको भौतिक, प्राविधिक, मानवीय तथा वित्तीय स्रोतसाधनको स्थिति र उपलब्धताबारे विश्लेषण गर्ने
- घरधुरी सर्वेक्षण र दोश्रो श्रोत (गाविस, सेवा केन्द्र, संघ/संस्थाको विवरण, अध्ययन, सर्वेक्षण तथा प्रगति प्रतिवेदन) बाट प्राप्त तथ्याङ्क एकमुष्ट र विश्लेषणगरी विषयगत रुपमा गाउँको एकीकृत वस्तुगत विवरण तयार गर्ने
- गाउँको विषय/क्षेत्रगत विकासका संभावना तथा समस्याहरूको पहिचान तथा विश्लेषण गर्ने ।
- गाउँको आवधिक तथा वार्षिक योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनको लागि विषयगत र सामाजिक रुपमा खण्डीकृत र एकीकृत अद्यावधिक सूचना विवरण उपलब्ध गराउने ।

## १.३ तयारी विधि तथा प्रक्रिया

उपलब्ध कानूनी तथा नीतिगत व्यवस्था र विभिन्न गाविसहरूले विगतमा अभ्यास गरिएका र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी गाउँ वस्तुस्थिति विवरण ढाँचा अनुसार यस गाउँ वस्तुस्थिति विवरण तयार गरिएको छ । यस गाउँ वस्तुस्थिति विवरण आवधिक गाउँ विकास योजना तर्जुमाको लागि आधाररेखा सूचना र गाउँ विकास योजनाको अनुगमन तथा मूल्याङ्कनकालागि आधारभूत सूचनाको आधारसहित देहायका विधि तथा प्रक्रिया पुरा गरी तयार गरिएको छ ।

**वस्तुस्थिती विवरण तयारीका क्रममा अपनाइएका विधिहरू**

- गाविसको वस्तुगत विवरणको तयारीका लागि स्थानीय विकास मन्त्रालयबाट तयार भएको वस्तुगत विवरणको ढांचालाई मुख्य आधार मानी यस क्षेत्रमा कार्य गरेका विज्ञहरूसँग परामर्श र सहयोग लिई पारिवारिक, व्यक्तिगत एवं सामुदायिक तहका तथ्याङ्क सङ्कलनको लागी प्रनावलीहरू तयार गरिएको ।
- तथ्याङ्क सङ्कलकहरूको लागी प्रश्नावली भर्ने विधिको सम्बन्धमा अभिमुखिकरण गरिएको ।
- तथ्याङ्क सङ्कलकहरूद्वारा हरेक वडा र टोलहरूका घरपरिवारमा गै स्थलगत तथ्याङ्क सङ्कलन कार्य गरिएको ।
- सङ्कलित तथ्याङ्कलाई कोडिङ, इडिटिङ, कम्प्युटर इण्ट्री, कम्प्युटर सफ्टवेरको प्रयोग गरी तालिकीकरण गरिएको ।
- अन्य स्थानीय निकायहरूको वस्तुस्थिती सम्बन्धी प्रकाशनलाई समेत आधारमानी तालिकीकरण गरिएका विवरणहरूलाई पुस्तकको आकार दिईएको ।

### १.३.१ गाउँस्तरीय अभिमुखीकरण कार्यक्रम

गाउँवस्तुस्थिति विश्लेषण तथा आवधिक गाउँ विकास योजनासम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था, उद्देश्य, तयारी विधि तथा प्रक्रिया, गाविस र गाउँ विकासका सरोकारवालाको भूमिका एवम् समयतालिकाबारे प्रस्तुती तथा छलफलका लागि गाउँस्तरीय अभिमुखीकरण कार्यक्रम आयोजना गरियो । गाविसको आयोजना र प्राविधिक सहयोग टोलीको सहजिकरण भएको कार्यक्रममा गाविस वोर्ड, एकीकृत योजना तर्जुमा समिति, सेवा केन्द्र, संघ/संस्था तथा लक्षित समुदाय र सरोकारवालासमेतको सहभागिता रहेको थियो । कार्यक्रममा गाउँ वस्तुस्थिति विवरणमा उपयोग तथ्याङ्कको श्रोत, ढाँचा तथा विषय क्षेत्र, प्रयोग र आवधिक गाउँ विकास योजना तर्जुमाको आवश्यकता र तर्जुमा प्रक्रियाबारे समेत अन्तरक्रिया तथा छलफल गरिएको थियो ।

### १.३.२ घरधुरी सर्वेक्षण तथा संस्थागत सूचना संकलन

संघीय मामिला तथा संघीय मामिला मन्त्रालयबाट जारी गाउँ वस्तुस्थिति विवरणको ढाँचालगायत स्थानीय निकायहरू विगतमा अभ्यास गरेका गाउँ वस्तुस्थिति विवरण तथा आवधिक गाउँ विकास योजनाको आधार सूचनाको ढाँचा

अनुसार घरधुरी सर्वेक्षण र संस्थागत सूचना संकलन गरियो । गाउँ वस्तुस्थिति विवरण तयारीको क्रममा घरधुरी सर्वेक्षण तथा संस्थागत तथ्याङ्क विवरण, विभिन्न अध्ययन, सर्वेक्षण र प्रगति प्रतिवेदनबाट सूचनाको आधार तयार गरी गाउँ वस्तुस्थिति विवरण तयार गरियो । घरघुरी सर्वेक्षणका लागि स्थानीय गणकहरूलाई तालिम प्रदान गरी घरधुरी सर्वेक्षण तथा तथ्याङ्क संकलन गरियो भने पेशागत विज्ञ प्राविधिक टोलीले संस्थागत स्रोत तथा अध्ययन, सर्वेक्षण र प्रगति प्रतिवेदन जस्ता स्रोतहरूबाट संस्थागत तथ्याङ्क विवरण संकलन गरियो । गाउँ वस्तुस्थिति विवरण प्रमुख रुपमा तथ्याङ्कको पहिलो श्रोतमा घरधुरी सर्वेक्षण र दोश्रो श्रोतमा संस्थागत तथा अध्ययन सर्वेक्षणबाट प्राप्त विवरणको आधारमा तयार गरिएको छ । संस्थागत तथ्याङ्कको प्रमुख श्रोतहरूमा गाविस, स्वास्थ्य संस्था, विद्यालय, सेवा केन्द्र तथा संघ/सस्थामा उपलब्ध तथ्याङ्क विवरण, राष्ट्रिय जनगणना, कृषि गणना जस्ता केन्द्रिय तथ्याङ्क विभाग सर्वेक्षण र अध्ययन प्रतिवेदन, मानव विकास प्रतिवेदन, आर्थिक सर्वेक्षण, विभिन्न विषयगत अध्ययन प्रतिवेदनहरू रहेका छन् । घरधुरी सर्वेक्षण तथा संस्थागत तथ्याङ्क विवरणका लागि उपलब्ध ढाँचा अनुसार तथ्याङ्क सकंलन फाराम (औजार) विकास गरी तथ्याङ्कन गरिएको थियो ।

### १.३.३ तथ्याङ्क प्रशोधन तथा विश्लेषण

घरधुरी सर्वेक्षण तथ्याङ्कलाई कम्प्युटर सफ्टवयर तयार गरी प्रत्येक घरधुरीको संकलित तथ्याङ्कलाई प्रविष्ट तथा कम्प्युटर प्रणालीबाट प्रशोधन गरी तथ्याङ्कशास्त्रीय विधिद्वारा तथ्याङ्क विश्लेषण गरियो । विश्लेषित तथ्याङ्कलाई गाउँ वस्तुस्थिति विवरणमा उपयोग गरियो । त्यसै गरी दोश्रो श्रोत तथा संस्थागत तथ्याङ्कलाई प्राविधिक विषय विज्ञले विश्लेषण गरी विवरण तयारीमा उपयोग गरियो । दोश्रो श्रोतबाट प्राप्त तथ्याङ्कलाई घरधुरी सर्वेक्षणबाट उपलब्ध हुन नसक्ने गाउँ विकासको वस्तुस्थिति चित्रण गर्ने तथा उपलब्ध तथ्याङ्कको उपलब्ध भएसम्म दुई समयावधिमा तुलना गर्ने, जिल्ला, केन्द्र र अन्य गाविसको विवरणसँग तुलना गर्ने कार्यमा प्रयोग गरियो ।

### १.३.४ गाउँ वस्तुस्थिति विवरणको मस्यौदा तयारी

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी गाउँ वस्तुस्थिति विवरणको परिमार्जित ढाँचा तथा विभिन्न विकास साझेदार तथा स्थानीय निकाय स्वयंले विगतमा अभ्यास गरेका नमूनायोग्य ढाँचा अनुसार गाउँ वस्तुस्थिति विवरणको मस्यौदा तयार गरियो ।

### १.३.५ गाउँ वस्तुस्थिति विवरण सुझाव संकलन

उपलब्ध ढाँचामा तयार गरिएको गाउँ वस्तुगत विवरणको मस्यौदालाई गाविसस्तरीय सुझाव संकलन कार्यशाला आयोजना गरी प्रमुख विषयवस्तु तथा विवरण प्रस्तुत गरी राय सुझाव संकलन गरियो । यसैगरी गाउँ वस्तुस्थिति विवरणको मस्यौदा जिल्ला विकास समिति र तर्जुमा कार्यमा प्राविधिक सहयोग प्रदान गर्ने साझेदारी विकास परियोजनाबाटसमेत सुझाव संकलन गरियो ।

### १.३.६ गाउँ वस्तुस्थिति विवरण अन्तिम प्रतिवेदन तयारी

गाविसस्तरीय कार्यशाला गोष्ठीबाट प्राप्त राय सुझाव र जिविस, साझेदारी र गाउँ विकासका सरोकारवालाबाट प्राप्त राय सुझाव समावेश गरी गाउँ वस्तुस्थिति विवरणको अन्तिम प्रतिवेदन तयार गरियो ।

## १.४ सीमा

प्रस्तुत दशरथपुरगाविसको प्रोफाईलको अध्ययन क्षेत्र विस्तृत भएको हुँदा अध्ययनको उद्देश्यले दर्शाएका विषयवस्तुलाई नै मुख्य क्षेत्रको रुपमा लिईएको छ । गाउँ वस्तुस्थिति विवरणलाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी ढाँचा तथा विगतमा गाविस तथा स्थानीय निकायहरूले अभ्यास गरेका ढाँचा अनुसार गाउँ वस्तुस्थिति विवरण तयार गरिएको छ । विवरणमा घरधुरी सर्वेक्षण तथा संस्थागत तथ्याङ्कको अद्यावधिक विवरण प्रयोग गरिएको छ । संभव भएसम्म तथ्याङ्क विश्लेषण गरी सामाजिक र लैंगिक रुपमा खण्डीकृत र विषयगत रुपमा एकीकृत गर्ने प्रयास गरिएको छ । उपलब्ध भएसम्म सूचनालाई दुई समयरेखामा प्रस्तुत गरी तुलना गर्ने प्रयास गरिएको भएता पनि विगतका धेरै सूचना उपलब्ध हुन नसकेका कारण धेरै सूचनालाई दुई समयरेखामा तुलना गर्न सकिएको छैन भने धेरैजसो सूचना विवरणलाई उपयुक्त सूचनाको कमीको कारण जिल्ला, क्षेत्र र राष्ट्रिय सूचनासँग तुलना गर्न सकिएको छैन । यो गाउँ वस्तुस्थिति विवरण यस गाविसको पहिलो प्रयास भएकोले केही कमीकमजोरी रहेका छन् र यसलाई आवधिक रुपमा परिमार्जन गर्दै लगिनेछ ।

# परिच्छेद २: भू-जैविक र प्रशासनिक स्थिति

यस परिच्छेदमा भौतिक तथा प्रशासनिक अवस्थिति, ऐतिहासिक, भू-जैविक, पर्यटकीय, साँस्कृतिक तथा मरोरञ्जनात्मक स्थल तथा विशेषताहरू समावेश गरिएका छन् ।

## २.१ भौतिक अवस्थिति

मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तरगत भेरी अञ्चलको सुर्खेत जिल्लाको निर्वाचन क्षेत्र नं. १ मा पर्ने यस दशरथपुर गांउ विकास समिति विश्व मानचित्रमा २८० २८' उत्तर देखी २८० ३२' उत्तर अक्षंस सम्म र ८१० ४५' पूर्व देखी ८१० ४८' पूर्व देशान्तर सम्म फैलिएको छ । गाविसको भौगोलिक वनावट भ्mट्ट हेर्दा केही लाम्चो परेको अण्डाकार ( भ्यागुताको छाया) जस्तो छ । यो गाविसको पूर्वमा लेखफर्सा गाविस , पश्चिममा कल्याण गाविस , उत्तरमा नेटा गाविस र दक्षिणमा भेरी नदि (रामघाट गाविस ) पर्दछन । दक्षिण भेरी नदिको किनारदेखि उत्तर नेटा गाविस सम्म फैलिएको यस गाविसको क्षेत्रफल लगभग २१ वर्ग कि.मी. रहेको छ । यो गाविसको धरातलीय स्वरुप हेर्दा भेरी किनारदेखि करिब १ कि.मी. जति समथर भाग पर्दछ भने केही भाग मात्र भिरालो रहेको छ । हावापानीको दुष्टिकोणबाट मंसिरदेखि फागुनसम्म भेरी नदि किनारमा कुहिरो लागी अत्याधिक चिसो हुने र फागुन अन्तिमदेखि असोज महिनासम्म गर्मी हुने गर्दछ ।

## २.२ ऐतिहासिक चिनारी तथा नामाकरण

यस दशरथपुर गाविसको गठन २०३९ सालमा साविक गुमी गाविस वडा नं. ७ र ८ तथा साविक घुमखहरे गाविस वडा नं. ९ का भागहरू मिलाई नयाँगाविसको रुपमा गरिएको हो ।

## २.३ राजनीतिक अवस्थिति

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत भेरी अञ्चलमा पर्ने पाँच वटा जिल्लाहरू मध्ये सुर्खेत एक विकासोन्मुख जिल्ला हो । भेरी अञ्चलमा अवस्थित जिल्लाहरू मध्ये सुर्खेत जिल्लाको आफ्नै विशिष्ट पहिचान र आर्थिक, सामाजिक हैसियत रहेको छ । सुर्खेत जिल्ला मध्यपश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रिय सदरमुकामका रुपमा १५ जिल्लाको एक शैक्षिक र प्रशासनिक केन्द्रको रुपमा स्थापित रहेको छ । सुर्खेत जिल्ला राजनैतिक वा प्रशासनिक ढंगले ३ वटा निर्वाचन क्षेत्र, ११ वटा इलाका, ३ वटा नगरपालिका र ४० वटा गाविसहरुमा विभाजन गरिएको छ । दशरथपुर गाविस जिल्लाको पश्चिम क्षेत्रको रणनीतिक स्थानमा अवस्थित प्राकृतिक तथा भौतिक, साँस्कृतिक श्रोत सम्पन्न गाविस हो । दशरथपुर गाविस निर्वाचन क्षेत्रको विभाजनका आधारमा १ नं निर्वाचन क्षेत्र अन्तर्गत पर्दछ । दशरथपुर गाविस जिल्ला सदरमुकाम देखि करिब १० कोषको दुरीमा पूर्व तर्फ रहेको छ । धुलियाविट– भेडावारी सडक यस गाविस भएर जाने र सडक कच्ची भएको तथा उक्त सडकमा पर्ने भुप्राखोला, चिङ्गाडखोलामा पुल नहुँदा वर्षातको समयमा करिब ६ महिना यातायात चल्न सक्दैन । सुर्खेत जिल्ला को पूर्वी भेगमा पर्ने यस गाविसको कुल क्षेत्रफल लगभग २१ वर्ग कि.मी रहेको छ ।

## २.४ भू-उपयोग

यस दशरथपुर गाविसको सम्पूर्ण भू-भागको लगभग ७५ प्रतिशत भू-भाग खाद्यान्न वालीको लागि प्रयोगमा भएको छ भने १० प्रतिशत दलहन र तेलहन वालीको लागि प्रयोग भइरहेको अवस्था छ । यहाँ विशेष गरी धान, गहुं, मकै, जौ, तोरी, चना, मसुरो र केराउ जस्ता खाद्यान्न तथा दलहन, तेलहन खेती एवं अन्य नगदी वाली समेत लगाइन्छ ।

## २.५ भू-धरातल तथा भिरालोपना

भू-धरातलीय अवस्थिती हेर्दा यो गाविस क्षेत्रभेरी नदिको किनारदेखि उत्तर तर्फ फाँट परेको मैदान भाग भएको र गाविसको उत्तर तर्फको जमिन दक्षिण तर्फ फर्किएको पहाडी भूमि विद्यमान रहेको छ । यद्यपि खोला नाला तथा खोल्साहरूले यस क्षेत्रको धरातलिय स्वरुपमा एकरुपता आउन दिएको छैन । यो दशरथपुर गाविस समुद्री सतहदेखि ५०० देखि १००० मिटरसम्मको उचाईमा रहेको छ ।

## २.६ नदीनाला तथा तालतलैया

गाविस क्षेत्र भित्र एउटा भुप्रा खोला र चिङ्गाड खोला र एउटा तलाउ रहेको छ । यस गाविस अन्तरगत सबै वडाहरूमा खानेपानीको त्यति अभाव छैन । यस गाविसको दक्षिण तर्फ वगेको भेरी नदिको पानीलाई कुनै माध्यमबाट

उपयोगमा ल्याउन सके यहाँको खेतीयोग्य जमिनमा सिंचाईको प्रसस्त सुविधा उपलब्ध हुने र उत्पादनमा वृद्धि भई किसानहरूको आय आर्जनमा वृद्धि भई गरिबी निवारणमा सहयोग पुग्ने छ ।

## २.७पर्यटकीय, साँस्कृतिक र मनोरम स्थलहरू

नेपाल एक बहुभाषिक, बहुधार्मिक, बहुजाति, बहुसाँस्कृतिक विविधता भएका मानिसहरूको बसोबास भएको एक साँस्कृतिक विविधताले भरिपूर्ण देश हो । नेपालको एक फरक पहिचान भनेकै साँस्कृतिक विविधता नै हो । र नेपालको आर्थिक विकासमा महत्वपूर्ण प्रभाव पार्ने तत्वहरू मध्येको सामाजिक र साँस्कृतिक स्रोत पनि हो । यस दशरथपुर गाविसमा विभिन्न खालका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरू रहेका छन् । सामुदायीक वन, प्राकृतिकतथा मन्दिर जस्ता साँस्कृतिक सम्पदायस गाविसमा रहेका छन् । हिन्दु समुदायको हार्दिकतापूर्ण सम्बन्ध रहेको यस गाविसमा विभिन्न उत्सव र चाडपर्वमा मन्दिर आसपासका क्षेत्रबाट मानिसहरू आउने गर्दछन् । शिवरात्री, दशैं, माघे संक्रान्ती, चैते दशैं,तिहार, फागु पूर्णीमा मोहररम जस्ता चाडपर्वमा विषेशगरी यसक्षेत्रमा मानिसहरूको जमघट हुने गर्दछ ।

## २.८ उपलब्ध सेवा तथा सुविधा

यस गाविसमा गाउँ विकास समितिको कार्यालय, हुलाक कार्यालय,१ उच्च माध्यमिक विद्यालय २ निम्न माध्यमिक तथा ४ प्राथमिक विद्यालय गरी जम्मा ७ विद्यालय उपलब्ध रहेका छन् । यसका साथै गाविसको कृषि सेवा केन्द्र तथापशु सेवा केन्द्रबाट आ-आफ्नो क्षेत्रसँग सम्वन्धीतसेवा तथा सुबिधाउपलब्ध गराइरहेको छ । यस गाविसका सबै वडामा ग्राभेल तथा कच्ची सडकमार्फत सडक सुबिधा उपलब्ध रहेको छ । गाविसको कुनै पनि  वडा तथा वस्तीमा हाल सम्म विद्युत सेवाउपलब्ध भएको छैन । यस गाविसको सबै वडा र वस्तीहरूमा नेपाल टेलीकमको जिएसएमतथा सिडिएमए रएनसेलको मोवाइल सेवाउपलब्ध रहेको छ ।

# परिच्छेद ३: जनसांख्यिक विवरण

यस परिच्छेदमा घरधुरीको विवरण, जनसंख्या बनौट, संरचना तथा वितरण जस्ता विषयहरू समाविष्ट रहेका छन् ।

## ३.१ पारिवारिक तथा जनसंख्या विवरण

गाविस भित्रको घरधुरी तथा जनसंख्याको अवस्थालाई हेर्दा वडागत हिसाबले फरक फरक स्थिति रहको छ । हालको घरधुरी सर्वेक्षणले गाविसको जनसंख्या6136 देखाएको यस गाविसमा राष्ट्रिय जनगणना २०६८ तथा घरधुरी सर्वेक्षण २०७२ को तुलनात्मक अध्ययन गर्दा जनसंख्या वृद्धिदर औषतरुपमा १.४८ रहन गएको छ । यस सम्बन्धी थप विवरण देहाय बमोजिम रहेको छ ।

तालिका नं.1:पारिवारिक तथा जनसंख्या विवरण

| वडा नम्बर | २०७२ सर्वेक्षण | | | | जनगणना २०६८ | | | | जनसंख्या वृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | जनसंख्या | | | घरधुरी | जनसंख्या | | | |
| | | महिला | पुरुष | जम्मा | | महिला | पुरुष | जम्मा | |
| 1 | 101 | 306 | 281 | 587 | 94 | 267 | 236 | 503 | 3.86 |
| 2 | 152 | 400 | 404 | 804 | 153 | 391 | 285 | 676 | 4.34 |
| 3 | 110 | 295 | 272 | 567 | 90 | 205 | 185 | 390 | 9.36 |
| 4 | 159 | 436 | 390 | 826 | 176 | 414 | 300 | 714 | 3.64 |
| 5 | 122 | 298 | 282 | 580 | 239 | 450 | 334 | 784 | -7.53 |
| 6 | 104 | 308 | 299 | 607 | 94 | 256 | 221 | 477 | 6.03 |
| 7 | 211 | 557 | 511 | 1068 | 192 | 450 | 412 | 862 | 5.36 |
| 8 | 110 | 319 | 283 | 602 | 102 | 277 | 253 | 530 | 3.18 |
| 9 | 93 | 251 | 244 | 495 | 81 | 215 | 196 | 411 | 4.65 |
| **जम्मा** | **1162** | **3170** | **2966** | **6136** | **1221** | **2925** | **2422** | **5347** | **3.44** |

*स्रोत : केन्द्रीय तथ्यांक विभाग, २०६८ तथा घरधुरी सर्वेक्षण, २०७२*

## ३.२ जनसंख्या बनावट तथा संरचना

समग्रमा गाविसको घरमुली अनुसार घरधुरी जनसंख्या वितरणको स्थितीलाई हेर्ने हो भने यस गाविसको ९ वटै वडाहरूमा घरमुली जनसंख्याको वितरणमा एकरुपता देखिदैन । वडा नं १ मा महिला घरमुली ९ र पुरुष घरमुली संख्या ९२ रहेको छ । त्यसै गरी सबैभन्दा बढी २० महिला घरमुली संख्या वडा नं ५ मा रहेको देखिएको छ । घरधुरी सर्वेक्षण २०७२ को अनुसार यस गाविसको घरमुली अनुसार घरधुरी संख्या र परिवारको आकार निम्नानुसार रहेको छ ।

**तालिका नं.2: जनसंख्या बनावट तथा संरचना**

| वडा नम्बर | घरमुली अनुसार घरधुरी | | | जनसंख्या | परिवारको आकार |
|---|---|---|---|---|---|
| | महिला घरमुली | पुरुष घरमुली | जम्मा | | |
| 1 | 9 | 92 | 101 | 587 | 5.8 |
| 2 | 18 | 134 | 152 | 804 | 5.3 |
| 3 | 11 | 99 | 110 | 567 | 5.2 |
| 4 | 27 | 132 | 159 | 826 | 5.2 |
| 5 | 20 | 102 | 122 | 580 | 4.8 |
| 6 | 12 | 92 | 104 | 607 | 5.8 |
| 7 | 23 | 188 | 211 | 1068 | 5.1 |
| 8 | 12 | 98 | 110 | 602 | 5.5 |
| 9 | 19 | 74 | 93 | 495 | 5.3 |
| **जम्मा** | **151** | **1011** | **1162** | **6136** | **5.3** |

*स्रोत : घरधुरी सर्वेक्षण, २०७२*

यस पार्श्वचित्र निर्माणका लागि गरिएको स्थलगत समुह छलफल, २०७२ को तथ्याङ्क अनुसार वस्तीको विवरण सम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. 3: वडा अनुसार वस्तीको नाम**

| बडा नं. | वडा अनुसार वस्तीको नाम |
|---|---|
| 1 | धनेरी, खुर्सानीबारी, साजे, एकलपानी, वराह, सिमले, भैंसीदमार,पितेडाडाँ, पत्रेढुंगा |
| 2 | काप्रेखोला, पटरे, ब्यावरे, डुङ्ग्रीपानी, खारपानी, धनेरी |
| 3 | ब्यावरे |
| 4 | ब्यावरे, गोरामारे, कागते, राताटार, काल्ले |
| 5 | तल्लोघुम्ने, घुम्ने बजार |
| 6 | मेलपानी, टाँडी, कमैघारी, गमखोला, झक्रेनी, धैरेनी, सिमले |
| 7 | सिमले, चिसापानी, मेलपानी, कुलिमोड, सिरुखाल्टा, सुकेपोखरी, वुद्धिभुले |
| 8 | कागते, डुम्रीपानी, गमखोला, नयाँगाउँ, पितेडाँडा, तालपोखरी |
| 9 | मसेरी, तारेपरा, पितेडाँडा, भित्रीखोला |
| **जम्मा वडा अनुसार वस्ती ४७** | |

*स्रोत : समुह छलफल, २०७२*

**तालिका नं. 4: वडा अनुसार वस्ती संख्या**

| वडा नं. | बस्ती कोड | वडा भित्र पर्ने बस्तीको नाम | जम्मा परिवार संख्या | जम्मा पुरुष संख्या | जम्मा महिला संख्या | जम्मा जनसंख्या |
|---|---|---|---|---|---|---|
| १ | 1 | धनेरी | 4 | 24 | 18 | 42 |
| | 2 | खुर्सानीबारी | 10 | 32 | 27 | 59 |
| | 3 | साजे | 8 | 26 | 25 | 51 |
| | 4 | एकलपानी | 3 | 7 | 8 | 15 |
| | 5 | वराह | 6 | 21 | 24 | 45 |
| | 6 | सिमले | 2 | 13 | 7 | 20 |
| | 7 | भैंसीदमार | 29 | 98 | 96 | 194 |
| | 8 | साजे | 12 | 37 | 27 | 64 |
| | 9 | पीपलडौडे | 15 | 46 | 38 | 84 |
| | **जम्मा** | | 89 | 304 | 270 | 574 |
| २ | 1 | काप्रेखोला | 7 | 24 | 23 | 47 |
| | 2 | पटरे | 22 | 65 | 62 | 127 |
| | 3 | ब्यावरे | 36 | 87 | 82 | 169 |
| | 4 | डुङ्ग्रीपानी | 8 | 23 | 15 | 38 |
| | 5 | खारपानी | 44 | 146 | 148 | 294 |
| | 6 | धनेरी | 8 | 28 | 31 | 59 |
| | जम्मा | | 125 | 373 | 361 | 734 |
| ३ | 1 | ब्यावरे | 86 | 237 | 231 | 468 |
| | जम्मा | | 86 | 237 | 231 | 468 |
| ४ | 1 | ब्यावरे | 34 | 83 | 90 | 173 |
| | 2 | गोरामारे | 49 | 145 | 117 | 262 |

| वडा नं. | बस्ती कोड | वडा भित्र पर्ने बस्तीको नाम | जम्मा परिवार संख्या | जम्मा पुरुष संख्या | जम्मा महिला संख्या | जम्मा जनसंख्या |
|---|---|---|---|---|---|---|
| | 3 | कागते | 5 | 11 | 11 | 22 |
| | 4 | राताटार | 58 | 156 | 165 | 321 |
| | 5 | कागते | 2 | 6 | 7 | 13 |
| | 6 | कहकी | 4 | 11 | 12 | 23 |
| | जम्मा | | 152 | 412 | 402 | 814 |
| ५ | 1 | तल्लोघुम्ने | 65 | 160 | 146 | 306 |
| | 2 | घुम्ने बजार | 46 | 119 | 123 | 242 |
| | जम्मा | | 111 | 279 | 269 | 548 |
| ६ | 1 | मेलपानी | 4 | 4 | 8 | 12 |
| | 2 | टाँडी | 29 | 95 | 93 | 188 |
| | 3 | कमैघारी | 27 | 90 | 89 | 179 |
| | 4 | गमखोला | 4 | 21 | 21 | 42 |
| | 5 | झक्रेनी | 9 | 25 | 21 | 46 |
| | 6 | धैरेनी | 6 | 23 | 19 | 42 |
| | 7 | सिमले | 1 | 4 | 4 | 8 |
| | जम्मा | | 80 | 262 | 255 | 517 |
| ७ | 1 | सिमले | 88 | 265 | 234 | 499 |
| | 2 | चिसापानी | 4 | 10 | 10 | 20 |
| | 3 | मेलपानी | 34 | 95 | 77 | 172 |
| | 4 | कुलिमोड | 37 | 115 | 100 | 215 |
| | जम्मा | | 163 | 485 | 421 | 906 |
| ८ | 1 | कागते | 28 | 92 | 78 | 170 |
| | 2 | डुम्रीपानी | 4 | 14 | 12 | 26 |
| | 3 | गमखोला | 40 | 131 | 118 | 249 |
| | 4 | नयाँगाउँ | 16 | 47 | 44 | 91 |
| | 5 | पितडाँडा | 1 | 1 | 3 | 4 |
| | जम्मा | | 89 | 285 | 255 | 540 |
| ९ | 1 | मसेरी | 32 | 93 | 114 | 207 |
| | 2 | तारेपरा | 3 | 11 | 8 | 19 |
| | 3 | पितडाँडा | 26 | 99 | 65 | 164 |
| | 4 | भित्रीखोला | 14 | 43 | 42 | 85 |
| | **जम्मा** | | 75 | 246 | 229 | 475 |
| **गाविसको जम्मा** | | | **970** | **2883** | **2693** | **5576** |

*स्रोत : समुह छलफल, २०७२*

## ३.३ व्यक्तिगत घटनाको विद्यमान स्थिति

व्यक्तिगत घटना भन्नाले जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद गरी पाँच घटनाहरूलाई जनाउँछ । यस्ता घटनाहरू घटेको ३५ दिन भित्र स्थानिय पंजिकाधिकारीको कार्यालय गाविस वा नगरपालिकामा गइ दर्ता गर्न सबै नागरिकको अधिकार र कर्तव्य भित्र पर्दछ । यिनै घटनाहरूको अभिलेखिकरणका लागि स्थानिय पंजिकाधिकारीको कार्यालयमा गरिने दर्तालाई व्यक्तिगत घटना दर्ता भनिन्छ । यस गाविसमा घटने गरेका जन्म, मृत्यु, वसाई सराई, विवाह तथा सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनावडा तथा समुदायगत रुपमाफरक रहेको छ । गाविसमा दर्ता हुन आउने ब्यक्तिगत घटना दर्ताको अभिलेखको अवस्था हेर्दा सवैभन्दा बढी जन्मदर्ताको घटना दर्ता भएको पाईन्छ भने अन्य घटना प्रायः काम परेमा मात्र दर्ता गर्ने गरेको पाईन्छ । यस क्षेत्रमा गत वर्षमा भएका यस्ता घटना सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

### ३.३.१ गाविसको जन्म दर्ता तथा मृत्यु दर्ता सम्बन्धी विवरण

गाविसमा जन्म तथा मृत्यु जस्ता व्यक्तिगत घटना सम्बन्धी विवरणलाई हेर्दा क्रमशः ११३र १६ रहेको देखिन्छ । गाविसमा गत वर्षमा घटेका यस्ता घटनाहरूको विवरण वडागतरुपमा देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.5: जन्म दर्ता तथा मृत्यु दर्ता सम्बन्धी विवरण

| वडा नं. | जन्म दर्ता संख्या | | | | | | मृत्यु दर्ता संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल संख्या | | | जातिगत संख्या | | | कुल संख्या | | | जातिगत संख्या | | |
| | केटा | केटी | जम्मा | दलित | जनजाति | अन्य | महिला | पुरुष | जम्मा | दलित | जनजाति | अन्य |
| १ | 24 | 14 | 38 | 22 | 13 | 3 | 1 | 1 | 2 | 0 | 1 | 1 |
| २ | 15 | 3 | 18 | 3 | 9 | 6 | 4 | 0 | 4 | 0 | 2 | 2 |
| ३ | 5 | 4 | 9 | 1 | 2 | 6 | 2 | 0 | 2 | 0 | 2 | 0 |
| ४ | 13 | 11 | 24 | 10 | 6 | 8 | 2 | 0 | 2 | 1 | 0 | 1 |
| ५ | 17 | 14 | 31 | 7 | 5 | 19 | 2 | 1 | 3 | 0 | 0 | 3 |
| ६ | 12 | 8 | 20 | 3 | 9 | 8 | 3 | 5 | 8 | 2 | 5 | 1 |
| ७ | 37 | 25 | 62 | 10 | 30 | 22 | 3 | 3 | 6 | 0 | 2 | 4 |
| ८ | 25 | 18 | 43 | 7 | 5 | 31 | 1 | 4 | 5 | 2 | 0 | 3 |
| ९ | 23 | 14 | 37 | 18 | 9 | 10 | 0 | 2 | 2 | 1 | 0 | 1 |
| जम्मा | 171 | 111 | 282 | 81 | 88 | 113 | 18 | 16 | 38 | 6 | 12 | 16 |

*स्रोतः गाविसको अभिलेख,२०७२*

### ३.३.२ गाविसको विवाह, सम्बन्ध विच्छेद वसाई सराई दर्ता सम्बन्धी विवरण

गाविसको तथ्यांकलाई हेर्दा विवाह दर्ता ५२ जोडी, ५७ घरपरिवारहरूबसाई सराइ रहेकार सम्वन्ध विच्छेद नभएको देखिन्छ । यस सम्बन्धीघरपरिवारको वडागत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. 6: विवाह, सम्बन्ध विच्छेद र वसाई सराई सम्बन्धी विवरण

| वडा नं. | विवाह दर्ता (जोडी) | | | | वसाई सराई दर्ता (परिवार) | | |
|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाति | अन्य | जम्मा | आएको | गएको | जम्मा |
| 1 | 6 | 1 | 1 | 8 | 1 | 7 | 8 |
| 2 | 1 | 3 | 3 | 7 | 2 | 4 | 6 |
| 3 | 0 | 2 | 3 | 5 | 0 | 5 | 5 |
| 4 | 1 | 1 | 2 | 4 | 4 | 3 | 7 |
| 5 | 0 | 0 | 6 | 6 | 0 | 8 | 8 |
| 6 | 1 | 2 | 2 | 5 | 3 | 5 | 8 |
| 7 | 0 | 2 | 4 | 6 | 1 | 4 | 5 |
| 8 | 0 | 2 | 3 | 5 | 0 | 4 | 4 |
| 9 | 4 | 0 | 2 | 6 | 1 | 5 | 6 |
| जम्मा | 13 | 13 | 26 | 52 | 12 | 45 | 57 |

*स्रोत : गाविसको अभिलेख,२०७२*

## ३.४ वसाई सराई तथा जनसांख्यिक गतिशिलता

यस गाविसमा वसोवास भएका घरपरिवारहरूमा जिल्ला भित्र र बाहिर बसाई सराई गर्ने प्रवृति न्युन रहेको छ। गत वर्षको स्थितिलाई हेर्दा जिल्ला भित्र वसाई सर्नेको परिवार संख्या १ र जिल्ला बाहिर वसाई सराई गरेका परिवार संख्या नरहेको देखिन्छ। यस सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं.7: वसाई सराई सम्बन्धी विवरण

| वडा नं. | वस्तीको नाम | जिल्ला भित्रै बसाई सराई गरेका (परिवार संख्या) | | |
|---|---|---|---|---|
| | | आएका | गएका | जम्मा |
| १ | भैंसेदमार | १ | ० | १ |
| २ | बाँबरे | ० | ० | ० |
| ३ | बाँबरे | ० | ० | ० |
| ४ | अम्रैयागढी | ० | ० | ० |
| ५ | तल्लोघुम्ने, घुम्ने बजार | ० | ० | ० |
| ६ | कमैघारी | ० | ० | ० |
| ७ | सिमले, चिसापानी, मेलपानी, कुलिमोड | ० | ० | ० |
| ८ | रामखोला, कामले, नयागाँउ | ० | ० | ० |
| ९ | मसेरी, भित्रिखोला, पिलडाडाँ | ० | ० | ० |
| **जम्मा** | | **१** | **०** | **१** |

